**सुदूरपश्चिम प्रदेश**

**मन्त्रिपरिषद बैठकको निर्णयहरु**

**प्रदेश मन्त्रिपरिषद बैठक संख्याः- ३२/२०७५**

**मितिः- २०७५/०९/११**

२०७५ साल पौष ११ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीमा बसेको मन्त्रिपरिषदको निर्णयः-

**देहायका प्रस्तावमा देहायमा लेखिए वमोजिम गर्ने :**

१) सुदूरपश्चिम प्रदेश स्वयंम सेवक परिचालन कार्यविधि, २०७५ स्वीकृत गर्ने विषयको सामाजिक विकास मन्त्रालयको ६/६/९३-२०७५/०९/०८ को प्रस्ताव- प्रस्तावको प्रकरण नं. ४ निर्णय हुनु पर्ने व्यहोरा अर्न्तगत देहायबमोजिम गरी अरु प्रस्तावमा लेखिए बमोजिम गर्ने -

"सुदूरपश्चिम प्रदेश स्वयंमसेवक परिचालन कार्यविधि, २०७५ को अनुसूची १ को देहाय खण्ड "ङ वर्ग" भन्ने शब्दावलीको तलको महलमा "छैन" भन्ने शब्दावली राखी "च वर्ग" भन्ने महल थप गरी सो महल तल क्रमस "सि.नं. १ कैलाली १९" र "सि.नं. २ कञ्चनपुर १६" कायम गरी त्यस पछिका महलको हरप क्रम मिलाउने ।"

२) सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ लाई प्रदेश सभामा पेश गर्ने स्वीकृती प्रदान गर्ने विषयको सामाजिक विकास मन्त्रालयको नं.६/७/९४-२०७५/०९/०८ को प्रस्ताव-

"मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी समितिको निर्णय बमोजिम गर्ने ।"

३) सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ लाई स्वीकृति प्रदान गर्ने विषयको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको ५/४/९५/२०७५/०८/२७ को प्रस्ताव-

"मन्त्रिपरिषद्, आर्थिक सामाजिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णय बमोजिम गर्ने ।"

४) प्रदेश लगानी बोर्ड विधेयक, २०७५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने विषयको आर्थिक मामिला तथा योजना मन्त्रालयको ३/२२/९६/२०७५/०९/१० को प्रस्ताव-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

५) सुदूरपश्चिम प्रदेश, जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ स्वीकृत गर्ने विषयको ४/१/९७/२०७५/०९/११ को प्रस्ताव-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"